# नगराईन नगरपालिका

# नगर सभा बैठक निर्णय पुस्तिका

## बैठक नं. २

मितिः २०७४ पौष २० गते विहीवार

तदानुसार सन् २०१८ जनबरी ४

आज मिति २०७४ साल पौष महिनाको २० गते विहीवार दिनको ११:०० बजे नगराईन नगरपालिका, नगर कार्यपालिकाका प्रमुख श्री परमेश्वर यादवज्यूको अध्यक्षता एवं निम्न उपस्थितिमा नगर सभाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री परमेश्वर यादव | नगर कार्यपालिका | |
| २ | उपप्रमुख | श्री रंजु कुमारी साह | नगर कार्यपालिका | |
| ३ | वडा अध्यक्ष | श्री प्रमोद कुमार साह | वडा नं. १ | |
| ४ | महिला सदस्य | श्री विमल देवी यादव | वडा नं. १ | |
| ५ | द.म.सदस्य | श्री जालो देवी | वडा नं. १ | |
| ६ | सदस्य | श्री किशोरी महतो | वडा नं. १ | |
| ७ | सदस्य | श्री राम चलित्र यादव | वडा नं. १ | |
| ८ | वडा अध्यक्ष | श्री देव नारायण यादव | वडा नं. २ | |
| ९ | महिला सदस्य | श्री सुनैना देवी ठाकुर | वडा नं. २ | |
| १० | द.म.सदस्य | श्री कासो देवी सादा | वडा नं. २ | |
| ११ | सदस्य | श्री बुधु मण्डल | वडा नं. २ | |
| १२ | सदस्य | श्री राम भरोस यादव | वडा नं. २ | |
| १३ | वडा अध्यक्ष | श्री पल्टु साह तेली | वडा नं. ३ | |
| १४ | महिला सदस्य | श्री सुनिता देवी यादव | वडा नं. ३ | |
| १५ | द.म.सदस्य | श्री बनारसी देवी | वडा नं. ३ | |
| १६ | सदस्य | श्री भोला साह तेली | वडा नं. ३ | |
| १७ | सदस्य | श्री राजकुमार भण्डारी | वडा नं. ३ | |

| | | | | |
|---|---|---|---|---|
| १८ | वडा अध्यक्ष | श्री अमिरीलाल राउत | वडा नं. ४ | |
| १९ | महिला सदस्य | श्री रेणु देवी साह | वडा नं. ४ | |
| २० | द.म.सदस्य | श्री ईजोतिया देवी | वडा नं. ४ | |
| २१ | सदस्य | श्री राम किशोर महतो | वडा नं. ४ | |
| २२ | सदस्य | श्री राज किशोर साह | वडा नं. ४ | |
| २३ | वडा अध्यक्ष | श्री विष्णुदेव झा | वडा नं. ५ | |
| २४ | महिला सदस्य | श्री राज कुमारी देवी | वडा नं. ५ | |
| २५ | द.म.सदस्य | श्री कलिया देवी | वडा नं. ५ | |
| २६ | सदस्य | श्री संजीव कुमार मण्डल | वडा नं. ५ | |
| २७ | सदस्य | श्री सुरेश साह | वडा नं. ५ | |
| २८ | वडा अध्यक्ष | श्री धनवीर मण्डल | वडा नं. ६ | |
| २९ | महिला सदस्य | श्री सरो देवी | वडा नं. ६ | |
| ३० | द.म.सदस्य | श्री वविता देवी | वडा नं. ६ | |
| ३१ | सदस्य | श्री जिबछ यादव | वडा नं. ६ | |
| ३२ | सदस्य | श्री सलिम कबारी | वडा नं. ६ | |
| ३३ | वडा अध्यक्ष | श्री राम दुलार मुखिया | वडा नं. ७ | |
| ३४ | महिला सदस्य | श्री राहाना खातुन | वडा नं. ७ | |
| ३५ | द.म.सदस्य | श्री पवित्री देवी | वडा नं. ७ | |
| ३६ | सदस्य | श्री ईन्द्र कुमार कम्ती | वडा नं. ७ | |
| ३७ | सदस्य | श्री विजय कुमार साफी | वडा नं. ७ | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | वडा अध्यक्ष | श्री संजय कुमार राउत | वडा नं. ८ | |
| ३९ | महिला सदस्य | श्री नैना देवी | वडा नं. ८ | |
| ४० | द.म.सदस्य | श्री प्रमिला देवी पासमान | वडा नं. ८ | |
| ४१ | सदस्य | श्री विकु मुखिया विन | वडा नं. ८ | बिकु |
| ४२ | सदस्य | श्री रामहित दास | वडा नं. ८ | रामहित |
| ४३ | वडा अध्यक्ष | श्री रामदेव पासमान | वडा नं. ९ | |
| ४४ | महिला सदस्य | श्री अमृती देवी | वडा नं. ९ | अमृती |
| ४५ | द.म.सदस्य | श्री शिवो देवी | वडा नं. ९ | |
| ४६ | सदस्य | श्री राम ललित राउत | वडा नं. ९ | |
| ४७ | सदस्य | श्री दशरथ मण्डल | वडा नं. ९ | |
| ४८ | अल्पसंख्यक सदस्य | श्री सूर्यनारायण साह | नगर कार्यपालिका | |
| ४९ | अल्पसंख्यक सदस्य | श्री सूर्यनाथ पण्डित | नगर कार्यपालिका | |
| ५० | अल्पसंख्यक सदस्य | श्री जिबछ पण्डित | नगर कार्यपालिका | |
| ५१ | सचिव | श्री रामकुमार महतो | नगर कार्यपालिका | |

# मिति २०७४ पौष २० गते बसेको सभाका निर्णयहरु

**निर्णय नं. १ :** नगर कार्यपालिकाबाट पेश भएको नगराईन नगरपालिकाको आ.व. २०७४/०७५ को नीति अनुसूचि-१ बमोजिम पारित गरियो ।

**निर्णय नं. २ :** नगर कार्यपालिकाबाट तयार गरि पेश भएको आर्थिक ऐन, २०७४ नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमेजिम स्वीकृत गरियो ।

**निर्णय नं.३ :** नगर कार्यपालिकाबाट तयार गरि पेश भएको विनियोजन ऐन, २०७४ नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमेजिम स्वीकृत गरियो ।

**निर्णय नं.४ :** नगराइन नगरपालिकाको आ.व. २०७४।०७५ को कूल रु. ३९,१२,६७,०००।- को आय व्यय अनुमान अनुसूचि-२ स्वीकृत गरियो ।

**निर्णय नं.५ :** नगराइन नगरपालिकाको आ.व. २०७४।०७५ को शीर्षकगत व्यय अनुमान गरिएको अनुसूचि-३ स्वीकृत गरियो ।

**निर्णय नं.६ :** नगराइन नगरपालिकाको आ.व. २०७४।०७५ को वित्तीय समानीकरण अनुदान चालु कार्यक्रम खर्च तर्फ रु. ३,६९,७५,०००।- को कार्यक्रम अनुसूचि-४ स्वीकृत गरियो ।

**निर्णय नं.७ :** नगराइन नगरपालिकाको आ.व. २०७४।०७५ को योजना तथा कार्यक्रमको देहाय बमोजिमका अनुसूचिहरु स्वीकृत गरियो ।

क) वित्तीय समानीकरण अनुदान पूँजीगत खर्च तर्फ कूल रु. १४,७८,९८,०००।- मध्ये कृषि विकास कार्यक्रम रु. ५७,१०,०००।- अनुसूचि-५क, पशु सेवा कार्यक्रम रु. ३०,०७,०००।- अनुसूचि-५ख, महिला तथा बालबालिका विकास कार्यक्रम रु. ३४,८२,०००।- अनुसूचि-५ग, पूर्वाधार विकास वडा स्तरीय योजना रु. ४,५०,००,०००।- अनुसूचि-५घ, पूर्वाधार विकास कार्यक्रम नगर स्तरीय रु. ४,६०,४९,०००।- अनुसूचि-५ङ, पूँजीगत कार्यक्रम खर्च रु. ४,४६,५०,०००।- अनुसूचि-५च ।

ख) नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँड, र गत आ.व.को अ.ल्या. तर्फको पूँजीगत बजेट रु. १,८०,००,०००। - विनियोजन भएको अनुसूचि-६ ।

ग) बैकल्पिक उर्जा प्रबर्धन केन्द्रको रु. ४०,००,०००।- विनियोजन भएको अनुसूचि-७ ।

घ) किशोरी शिक्षा कार्यक्रम युनिसेफको रु. ९,०२,०००।- विनियोजन भएको अनुसूचि-८ ।

ङ) स्थानीय विकास तथा सामुदायिक विकास कार्यक्रमको रु. १०,६०,०००।- विनियोजन भएको अनुसूचि-९ ।

च) गरिवसँग विशेश्वर कार्यक्रमको रु. १०,०८,०००।- विनियोजन भएको अनुसूचि-१० ।

छ) बहुक्षेत्रीय पोषण कार्यक्रमको रु. १८,०९,०००।- विनियोजन भएको अनुसूचि-११ ।

ज) सीमा क्षेत्र विकास कार्यक्रमको रु. १,२२,७२,०००।- विनियोजन भएको अनुसूचि-१२ ।

झ) नगर विकास कोषको रु. २,५०,००,०००।- विनियोजन भएको अनुसूचि-१३ ।

ञ) सडक बोर्ड नेपालको रु. २५,००,०००।- विनियोजन भएको अनुसूचि- १४ ।

ट) सशर्त अनुदान तर्फ विनियोजित रु. ८,९३,९६,०००।- मध्ये शिक्षा तर्फ विनियोजन भएको रु. ४,६१,८०,०००।- को कार्यक्रम अनुसूचि- १५क र स्वास्थ्य तर्फ विनियोजन भएको रु.

३,९८,२८,०००।- को कार्यक्रम अनुसूचि- १५ख । साथै, यस अनुदान अन्तर्गत आयुर्वेद, कृषि, पशु सेवा कार्यक्रमको हकमा केन्द्रबाट प्राप्त कार्यक्रम बमोजिम नै हुने ।

ठ) वडा कार्यालयको बजेट विवरण भएको अनुसूचि- १६।

**निर्णय नं.८** : नगराईन नगर कार्यपालिकाबाट आ.ब. ०७४/०७५ को बार्षिक खरिद योजना तथा कार्य योजना तयार गरी सो अनुरुप गर्ने गराउने ।

**निर्णय नं.९** : नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिलाई पूर्णता दिनको लागि सोही धाराको उपधारा (२) को प्रयोजनार्थ देहाय बमोजिमका दुई जना सदस्य निर्विरोध निर्वाचित गरियो ।

१ श्री धनवीर मण्डल

२ श्री रामदुलार मुखिया

**निर्णय नं.१०** : नगर सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम देहायका समितिहरु देहाय बमोजिम गठन गरियो ।

**लेखा समिति**

| | | |
|---|---|---|
| १ | संयोजक | श्री रामदेव पासमान |
| २ | सदस्य | श्री सूर्यनारायण साह |
| ३ | सदस्य | श्री सुनैना देवी ठाकुर |
| ४ | सदस्य | श्री संजय कुमार राउत |
| ५ | सदस्य | श्री सलिम राईन |

**विधायन समिति**

| | | |
|---|---|---|
| १ | संयोजक | श्री विष्णुदेव झा |
| २ | सदस्य | श्री रामदेव पासमान |
| ३ | सदस्य | श्री सूर्यनारायण साह |
| ४ | सदस्य | श्री सुनैना देवी ठाकुर |
| ५ | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत |

**सुशासन समिति**

| | | |
|---|---|---|
| १ | संयोजक | श्री विष्णुदेव झा |
| २ | सदस्य | श्री सूर्यनाथ पंडित |
| ३ | सदस्य | श्री प्रमोद साह |
| ४ | सदस्य | श्री सुनिता देवी यादव |
| ५ | सदस्य | श्री धनवीर मण्डल |

**निर्णय नं.११**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगराईन नगरपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनको लागि चालु आ.व. २०७४।०७५ को हकमा निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट जिल्ला दररेटलाई नै अनुमोदन गरी सोही बमोजिम कार्यान्वयन गर्ने ।

**निर्णय नं.१२**: नगरक्षेत्र भित्रका सडक, सार्वजनिक जग्गा, सार्वजनिक भवन आदि विभिन्न बहानामा अतिक्रमण गर्ने, मिच्ने प्रवृतिका कारणले सार्वजनिक आवत जावत र सार्वजनिक कार्य गर्न कठिनाई हुनुका साथै नगरको सौन्दर्यतामा समेत प्रतिकूल असर परिरहेको यर्थाथतालाई मनन गरी निम्न अनुसार गर्ने :

क) नगरक्षेत्रको सडक, सार्वजनिक जग्गा अतिक्रमण गरेकोलाई हटाई त्यस्ता जग्गाहरुको संरक्षणको विशेष व्यवस्था गर्ने ।

ख) ऐलानी, पर्ति जग्गाको लगत तयार गरी संरक्षण गरी नगरपालिकाबाट त्यस्ता जग्गालाई सार्वजनिक प्रयोगमा ल्याउने ।

ग) सडकको अधिकार क्षेत्र तोकि त्यसको पालना गराउने ।

घ) सार्वजनिक स्थलहरुको लगत तयार गरि संरक्षणको विशेष व्यवस्था मिलाउने ।

ङ) नगरपालिका क्षेत्रको मठ, मन्दिर, मस्जिद आदि धार्मिक, साँस्कृतिक, ऐतिहासिक महत्वको सम्पति विवरण तयार गरि त्यस्तो सम्पत्तिको दूरुपयोग हुनुवाट रोक्ने । त्यसका संचालक समितिहरुको समय सापेक्ष गठन तथा पूनर्गठन गर्ने ।

**निर्णय नं.१३:** नगरपालिका क्षेत्रभित्र जनस्वाथ्यमा नकारात्मक असर पर्ने गरी अव्यवस्थित रुपमा पशुपंक्षी तथा माछामासु विक्री भई रहेको सम्वन्धमा निम्नानुसार गर्ने :

क) पशु स्वास्थ्यसँग सम्वन्धित निकाय, मासु व्यवसायीहरु, सरोकारवाला सवैको समन्वय, सहकार्य र साझेदारीमा पशु वधशालाको सम्भाव्यता अध्ययन गर्ने ।

ख) मासु व्यवसायलाई व्यवस्थित गर्ने ।

ग) मासु जाँच ऐन, नियमको पालना गर्ने, गराउने ।

घ) स्वास्थ्य, सरसफाई, मासु व्यवसायीलाई नियमन गर्ने निर्देशिका, कार्यविधिहरु वनाई लागू गर्ने ।

ङ) उपभोक्ता अधिकार सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं.१४:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ को उपदफा (२) बमोजिम नगराईन नगरपालिकाबाट सार्बजनिक खरिद नियमावली नबनेसम्म सार्बजनिक खरिद सम्बन्धी नेपाल सरकारको प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्ने ।

**निर्णय नं.१५:** यस नगरपालिकाको लागि अन्य निकायवाट लागत सहभागितामा संचालन हुने थप योजना उपलब्ध भएमा नगरपालिकावाट म्याचिड फण्ड उपलब्ध गराई योजना कार्यान्वयन गर्ने ।

**निर्णय नं.१६** : नगर सभाबाट पारित योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा कुनै कारणवश कार्यान्वयन हुन नसक्ने अवस्था आई परेमा सम्बन्धित वडा समितिको सिफारिसमा नगर कार्यपालिका प्रमुखबाट संसोधन गर्न सक्ने ।

**निर्णय नं.१७** : विभिन्न शीर्षकमा विनियोजित समपुरक कोष (Matching Fund) लगायतका रकम वा अन्य शिर्षकमा छुट्याइएको रकम वचत भएमा नगर कार्यपालिकाको निर्णय अनुसार अन्य योजनामा खर्च गर्ने ।

**निर्णय नं.१८** : वित्तीय समानीकरण अनुदान तर्फ विनियोजित सशर्त बजेटबाट तोकिएका कार्यक्रम सञ्चालन एवं स्वास्थ्य चौकी र विद्यालयका शिक्षकहरुको तलव भत्ता समेत नपुग हुने भएकोले कार्यक्रम बमोजिम नपुग हुने रकम थप विनियोजनको लागि सम्बन्धित निकायमा पहल गर्ने ।

**निर्णय नं.१९** : वडा समितिबाट सिफारिश हुन नसकेको तर प्रत्यक्ष रुपमा सकरात्मक प्रभाव पार्ने खालका योजनाहरु माग भएमा त्यस्ता योजना संचालनका लागि आवश्यक वजेट व्यवस्था मिलाई नगर कार्यपालिकाबाट कार्यान्वयन गर्ने ।

**निर्णय नं.२०** : आ.व. २०७४/७५ का लागि वडा समितिबाट माग भई आएका योजनाहरु मध्ये सभाबाट पारित बजेटमा समावेश नभएका ठुला प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि प्रदेश र संघमा सिफारिस गर्ने ।

**निर्णय नं.२१** : उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि वडा समितिको सिफारिसमा उपभोक्ता समिति गठन गरी संझौताका लागि निश्चित अवधिको सूचना दिने र तोकिएको अवधिमा संझौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा नगर कार्यपालिकाबाट योजना कार्यान्वयन गर्ने

**निर्णय नं.२२** : नगरपालिका क्षेत्रभित्र खुला क्षेत्रको पहिचान गरी संरक्षण र विकास गर्ने

**निर्णय नं.२३** : नगराइन नगरपालिकाको आन्तरिक श्रोतलाई व्यवस्थित, भरपर्दो तथा प्रभावकारी वनाउन उद्योगी व्यवसायीहरुको विवरण संकलन, अभिलेखीकरण गर्दै नयां आय श्रोतहरुको पहिचान गरी सबै किसिमका व्यापार व्यवसायलाई करको दायरामा ल्याउन राजस्व व्यवस्थापनलाई सशक्त वनाउने ।

**निर्णय नं.२४** : नगराइन नगरपालिकाको प्रशासकीय सँगठन र कर्मचारी दरबन्दी सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम गर्ने । सो बमोजिम नहुँदासम्म यस नगरपालिकामा साविकदेखि कार्यरत कर्मचारी, अन्य निकायबाट काज खटिएका कर्मचारी र सेवा करारमा कर्मचारी राखी कामकाज सञ्चालन गर्ने ।

**निर्णय नं.२५** : नगराइन नगरपालिका, नगर कार्यपालिकाको हालसम्मको निर्णय र सो निर्णय बमोजिम भएको खर्च अनुमोदन गरियो ।

**निर्णय नं.२६** : नगर सभा र नगर कार्यपालिका बैठकको हकमा प्रति व्यक्ति प्रति बैठक रु. १,५००।- बैठक भत्ता र नगर सभा एवं नगर कार्यपालिकाबाट गठित अन्य समिति, उपसमिति, कार्यदल तथा कानून बमोजिमका अन्य समितिहरु र वडा समितिको बैठकको हकमा प्रति व्यक्ति प्रति बैठक रु. १,०००।- बैठक भत्ता उपलब्ध गराउने साथै यस अघि भएको बैठकको भत्ता समेत यसै बमोजिम भुक्तानी गर्ने ।

**निर्णय नं.२७** : नगरपालिकामा न्यायिक समिति लगायत विभिन्न मुद्दा, पैरवी एवं अन्य कानुनी परामर्श लिनका लागि मासिक रु.१०,०००।- मा नबढ्ने गरी सेवा करारमा सम्झौता गरी एक जना कानुनी परामर्शदाता नियुक्त गर्न सक्ने ।

**निर्णय नं.२८** : नगराइन नगरपालिकालाई स्वच्छ र सफा नगरको रुपमा विकास गर्न फोहर मैला व्यवस्थापनका सम्बन्धमा निम्न अनुसार गर्ने :

क) सरसफाई अभियानलाई सामाजिक परिचालनको माध्यमद्वारा शुन्य ल्याण्डफिलको अवधारणा अनुरुप गर्न व्यवस्था मिलाउने र यसको विकल्पको रुपमा दीर्घकालिन स्यानेटरी ल्यान्डफिल साईटको उपयुक्त जग्गा खोजी एवं पहिचान गर्ने ।

ख) श्रोतमा नै जैविक र अजैविक फोहर छुट्याई जैविक फोहरवाट कम्पोष्ट मल वनाउन निजी क्षेत्र, सामाजिक संघ, संस्था एवं व्यक्तिलाई उत्प्रेरित गर्ने ।

ग) घरको फोहर घरमा नै तह लगाउन महिला केन्द्रित जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

घ) सार्वजनिक निजी साझेदारीको अवधारण अनुसार फोहोर मैला व्यवस्थापन गर्ने ।

ङ) उपर्युक्त व्यवस्था लागू नभएसम्म संकलित फोहोर मैला नगर कार्यपालिकाले तोकेको स्थानमा विसर्जन गर्ने ।

**निर्णय नं.२९** : अर्को व्यवस्था नभएसम्मको लागि नगरपालिकाद्वारा सञ्चालन हुने तालिम, गोष्ठी तथा सेमिनारमा गरिने खर्चको नर्म्स निम्न अनुसार हुने ।

| क.सं. | बिबरण | इकाई | अधिकतम खर्च सिमा रु |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रति दिन | १२०० |
| २ | **आन्तरिक प्रस्तुतकर्ता** | | |
| २.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २००० |
| २.२ | सहायक प्रशिक्षक | प्रति कक्षा | १५०० |
| २.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४००० |
| २.४ | सहायक प्रशिक्षक | प्रति दिन | ३००० |
| २.५ | कार्यपत्र | प्रति एक | १००० |
| ३ | **बाहिरी प्रस्तुतकर्ता** | | |
| ३.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २५०० |
| ३.२ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २००० |
| ३.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ५००० |
| ३.४ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४००० |
| ३.५ | कार्यपत्र | प्रति एक | १००० |
| ४ | खाजा खर्च | प्रति जना | २०० |
| ५ | खाना खर्च | प्रति जना | ४०० |
| ६ | सहभागी यातायात खर्च | प्रति जना | ५०० |
| ७ | वाहिरको प्रशिक्षक दै.भ्र.भ. | प्रति दिन | १५०० |
| ८ | वाहिरको प्रशिक्षक यातायात खर्च | | बिल अनुसार |

**निर्णय नं.३०** : नगराईन नगरपालिका क्षेत्र भित्र सडक बत्ती व्यवस्थापन गर्न वडा समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं.३१** :सार्वजनिक निजी साँझेदारी (PPP) को अवधारण बमोजिम शुल्कमा आधारित फोहोरमैला व्यवस्थापनका लागि फोहोर मैला व्यवस्थापन तथा सरसफाई शिर्षकबाट खर्च हुने गरी नगर कार्यपालिकाबाट आवश्यक व्यवस्था गर्ने ।

**निर्णय नं.३२** : वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० लाई पूर्णरुपमा कार्यान्वयनमा ल्याई नगरापालिकाको लागि तोकिएका सूचकहरु पूरा गर्न प्रयास गर्ने ।

**निर्णय नं.३३** : बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ बमोजिमका आवश्यक पूर्वाधार तयार गरी बालमैत्री स्थानीय शासन लागू गर्ने ।

**निर्णय नं.३४**: नगरपालिकाको आन्तरिक कार्य प्रणालीलाई व्यवस्थित गर्न विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, व्याक हो लोडर सञ्चालन कार्यविधि, वातावरण तथा सरसफाई कार्यविधि, मर्मत सभार कोष सञ्चालन कार्यविधि नगर कार्यपालिकाबाट तर्जुमा गरी लागू गर्ने ।

**निर्णय नं.३५** : यस नगरपालिका र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरुका निम्ति कर्मचारी आचार संहिता नगर कार्यपालिकाबाट तयार गरी लागू गर्ने ।

**निर्णय नं.३६** : नगरपालिका र अन्तर्गत निकायमा कार्यरत स्थायी, अस्थायी एवं सेवा करारका कर्मचारीहरुलाई नेपाल सरकारले निजामती कर्मचारीहरुलाई उपलब्ध गराए सरह पोषाक भत्ता उपलव्ध गराउने र शुक्रवार वाहेक कार्यालय समयमा सबै कर्मचारीलाई अनिवार्य रुपमा तोकिएको पोषाक लगाउन लगाउने ।

**निर्णय नं.३७** : निम्न व्यक्ति र निजको परिवार वा संस्थालाई जन्म दर्ता र नागरिकता सिफारिश बाहेक नगरपालिकावाट उपलव्ध गराउने सम्पुर्ण सेवा सुविधावाट वंचित गर्ने :-

क) विगतमा साविक गा.वि.स.बाट ठेक्का पट्टा लिई नियमानुसार तिर्नु वुझाउनु पर्ने रकम नवुझाएका व्यक्ति वा संस्था
ख) नियमानुसार नगरपालिकालाई वुझाउनु पर्ने कर, महसुल आदि नवुझाई वक्यौता राख्ने व्यक्ति वा संस्था
ग) नगरपालिकावाट पेश्की लिइ फछ्र्यौट नगरेका व्यक्ति वा संस्था
घ) नगरपालिकाबाट सरसफाई परिचय पत्र नलिएको व्यक्ति वा संस्था

**निर्णय नं.३८** : यस नगरपालिकाको आ.व. २०७३/०७४ को जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम नगर कार्यपालिका र अन्तर्गत निकायको लिलाम गर्नु पर्ने जिन्सी माल सामान भए लिलाम गर्ने र मर्मत संभार गर्नु पर्ने भए मर्मत संभार गर्ने व्यवस्था कार्यपालिकाले मिलाउने ।

**निर्णय नं.३९** : नगर कार्यपालिका र अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्दै उच्च मनोबलका साथ कार्य सम्पादन गर्ने अवस्था सिर्जना गरी सेवामा प्रतिस्पर्धा बढाउन नगर कार्यपालिकाबाट विभिन्न कार्य सम्पादन सूचक निर्धारण गरी सो बमोजिम कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्ने ।

**निर्णय नं.४०** : यस नगरपालिका कार्यालय, अन्तर्गतका विद्यालयका शिक्षक, स्वास्थ्य सँस्थाको कर्मचारी मध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी एवं समाजको लागि योगदान पुर्‍याएका निम्न व्यक्तित्वलाई नगर कार्यपालिकाको सिफारिशमा नगद रु.५,०००।-, प्रसंशापत्र र दोसल्ला ओढाई सम्मान गर्ने ।

१ सामाजिक संघर्षमा उल्लेख्य योगदान पुर्‍याउनु हुने नगराइन नगरपालिका वडा नं. ९ निवासी श्री सोनेलाल पासमान
२ नि.मा.वि.लगमा पछवारीटोलका शिक्षक : श्री सियालाल मण्डल
३ घोडघाँस स्वास्थ्य चौकीका सि.अ.हे.व. : श्री रामपुकार दास
४ नगर कार्यपालिकाका खरिदार : श्री वीरेन्द्र कुमार झा

**निर्णय नं.४१** : साविक गाँउ विकास समितिहरुको लेखापरीक्षण प्रतिवेदन अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की तथा वेरुजु रकम फछ्र्यौट गर्न उच्च प्राथमिकताका साथ कारबाही प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं.४२** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा (२) बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउन नगराइन नगरपालिकामा आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति व्यवस्थापन नभएसम्म जिल्ला समन्वय समितिमा रहेको आन्तरिक लेखापरीक्षण गर्ने कर्मचारी वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउने ।

**निर्णय नं.४३** : यस नगरपालिकाको आ.व. २०७३/०७४ को अन्तिम लेखापरीक्षण हालसम्म नभएकोले लेखापरीक्षणको लागि कार्यपालिकाबाट आवश्यक पहल गरी समयमै लेखापरीक्षण गराई सभाको आगामी बैठकमा प्रतिवेदन पेश गर्न लगाउने ।

**निर्णय नं.४४** : यस नगरपालिकामा कम्तिमा  एउटा सुविधा सम्पन्न अस्पताल र प्रत्येक वडामा एउटा स्वास्थ्य चौकी स्थापनाको लागि सम्बन्धित निकायमा पहल गर्ने ।

**निर्णय नं.४५** : नगराईन नगरपालिकाको केन्द्र रहेको नगराईन बजारदेखि करिब ३-४ कि.मी. टाढा जटही र फुलगामा बजारमा प्रहरी चौकी रहेको र यस नगरपालिकाको केन्द्र रहेको नगराईन बजार स्थित नगर कार्यपालिकाको कार्यालय र कार्यालय भवनको भुईतलामा क वर्गको मेगा बैंक सञ्चालन भई आर्थिक गतिविधि समेत बढेको कारण यस क्षेत्रको सुरक्षा व्यवस्था प्रभावकारी बनाउनु अत्यावश्यक रहेकोले नगराईन बजारमा प्रहरी चौकी स्थापनाको लागि र प्रहरी चौकी स्थापना नभएसम्म तत्कालै प्रहरी बिट स्थापना गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

**निर्णय नं.४६** : यस क्षेत्रमा आगलागी जस्ता प्रकोपको जोखिम उच्च रहेकोले आगलागी नियन्त्रण गर्ने प्रयोजनको लागि एक थान वारुण यन्त्र र एक थान एम्बुलेन्स उपलब्ध गराई दिन श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत केन्द्र सरकारसँग माग गर्ने ।

**निर्णय नं.४७** : नगराईन नगरपालिका अन्तर्गत सेवा पुर्‍याई  रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई साविकदेखि पाई रहेको प्रोत्साहन भत्तामा एकरुपता कायम गर्दै मासिक रुपमा जनही रु. ५०० (पाँच सय) उपलब्ध गराउने ।

**निर्णय नं.४८** : नगराईन नगरपालिकाबाट सञ्चालित पूर्वाधार निर्माण तर्फ उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा कूल लागतको कम्तिमा  १० (दश) प्रतिशत जनश्रमदान कायम गरी निर्माण कार्य गर्ने ।

**निर्णय नं.४९** : कार्यालय भवन निर्माणको लागि नगर कार्यपालिकाको स्वामित्वमा जग्गा नरहेकोले निःशुल्क रुपमा प्राप्त हुने उपयुक्त जग्गा पहिचान गरी नगरपालिकाको स्वामित्वमा ल्याउन र जग्गा खरिद गर्नु पर्ने भए सो सम्बन्धमा समेत नगर कार्यपालिकाबाट आवश्यक व्यवस्था गरी भवन निर्माणको लागि रु. ८ करोड र जग्गा भएको वडा कार्यालयको भवन निर्माणको लागि प्रति वडा कार्यालय रु. २ करोडको दरले श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत केन्द्र सरकारसँग माग गर्ने । साथै जग्गा नभएको वडा कार्यालयको भवन निर्माणको लागि वडा समितिले उपयुक्त जग्गा खोजी गरी नगर कार्यपालिकामा सिफारिश गर्ने ।

**निर्णय नं.५०** : यस नगरपालिकामा चार चक्के सवारी साधन नरहेकोले प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको लागि तीन वटा चार चक्के सवारी साधनको व्यवस्था हुन श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग अनुरोध गर्ने ।

**निर्णय नं.५१** : नगराईन नगरपालिका क्षेत्रभित्रका ठेक्का लाग्न बाकी एवं ठेक्का अवधि समाप्त भएका र हुन लागेका सार्वजनिक पोखरी र हाट बजारहरुको ठेक्का बन्दोवस्त गर्न अघिल्लो वर्षको ठेक्का अंक निर्धारण गरी एवं हालसम्म ठेक्का नलागेको हकमा नगर कार्यपालिकाबाट ठेक्काको न्यूनतम अंक निर्धारण गरी पोखरीको हकमा पाँच बर्ष र बजारको हकमा एक बर्षको लागि ठेक्का बन्दोवस्त गर्ने ।

**निर्णय नं.५२** : नगरसभा तयारीका क्रममा कार्यालय समयका साथै अतिरिक्त समयमा समेत काम गरेवापत उपस्थित दिनको निम्न बमोजिमको थप पारिश्रमिक उपलब्ध गराउने ।

| कर्मचारी स्तर | प्रति दिन रु. |
|---|---|
| अधिकृत स्तर | १२०० |
| ना.सु. स्तर | १००० |
| खरिदार स्तर | ८०० |

| | |
|---|---|
| कार्यालय सहयोगी | ५०० |

**निर्णय नं.५३** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ बमोजिम नक्सा पास गर्ने कार्यलाई व्यवस्थित गर्न नक्सा पास सम्बन्धी मापदण्ड तयार नभए सम्मका लागि सोही परिच्छेद एवं नेपाल सरकारवाट जारी भएको वस्ती विकास, शहरी योजना तथा भवन निमार्ण सम्वन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ अनुसार नक्सापास गर्ने कार्य प्रारम्भ गर्ने ।

**निर्णय नं.५४** : नगराईन नगरपालिका क्षेत्रभित्रका विद्यालय र स्वास्थ्य चौकीहरुमा निजी स्रोतबाट पारिश्रमिक पाउने गरी नियुक्त भएका कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिक साविक गाविसहरुबाट भुक्तानी भई नगरपालिकाबाट भुक्तानी दिनु पर्ने विषयमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाको निर्णयानुसार गर्ने ।

**निर्णय नं.५५** : विगतमा कार्य सम्पन्न भई भुक्तानी हुन बाँकी योजनाहरुको सम्बन्धमा स्वीकृत बजेटको परिधिभित्र रही कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी गर्ने ।

**निर्णय नं.५६** : नगराईन नगरपालिकाका पदाधिकारीहको आचार संहिता, २०७४ स्वीकृत गरियो ।

**निर्णय नं.५७** : नगराइन नगरपालिकाको आ.व. २०७४।०७५ को टोल, बस्ती स्तरको योजना तर्जुमादेखि वडा स्तर हुँदै नगर स्तरसम्मको योजना तथा बजेट तर्जुमा, नीति निर्माण लगायत प्रथम नगर सभा सफलता पूर्वक सम्पन्न गर्ने क्रममा सहभागीता जनाइ अमूल्य योगदान पुर्‍याउनु हुने विभिन्न राजनैतिक दलहरु, विभन्न समितिका पदाधिकारी, भद्रभलादमी, समाजसेवी, नागरिक समाज, उपभोक्ता, सरकारी, गैरसरकारी निकाय, सुरक्षा निकाय, सञ्चारकर्मी एवं नगरपालिकाका कर्मचारी तथा सम्पूर्ण नगराईन नगरबासीप्रति हार्दिक धन्यवाद ज्ञापन गरियो ।